# आन्तरिक मामिला तथा कानून मन्त्रालय

कर्णाली प्रदेश, सुर्खेत, नेपाल

**घरभाडामा लिने सम्वन्धी निवेदन प्रस्ताव आह्वान**

(प्रकाशित मिति २०७८।०८।२९)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेशको कार्यालय प्रयोजनको लागि इत्राम खोलादेखि ३०० मिटर पश्चिम वजार लाइन भन्दा १०० मिटर पुर्व तथा फोरलेन भन्दा १०० मिटर उत्तर तथा कपासे व्यारेकभन्दा १.५ कि.मी दक्षिणसम्म जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटमा घर भाडामा लिनुपर्ने भएको छ ।तपशिल बमोजिमको विशेषता भएको घर भाडामा दिन इच्छुक घरधनीले यो सुचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र घर भाडामा दिने सम्वन्धी प्रस्ताव पेश गर्न सम्वन्धित सवैको जानकारीका लागि कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली,२०७८ को नियम ८(१) बमोजिम यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**

- घर १४०० देखि १७०० वर्ग फिट क्षेत्रफलको हुनुपर्नेछ ।
- घरसँगै जोडिएको कम्तीमा २ वटा हलुका सवारी साधन अट्ने पार्किङ्ग स्थल र कम्पाउण्ड वाल भएको हुनुपर्नेछ ।
- तत्काल कम्तीमा आठ(८) कोठा उपलव्ध भएको हुनुपर्नेछ ।
- रिजर्भ ट्याङ्की सहित सुर्खेत उपत्यका खानेपानी संस्थाको धारा जडान भएको हुनुपर्नेछ ।
- प्रत्येक तलामा कम्तीमा १/१(एक/एक) वटा ट्वाइलेट/वाथरुम र एक(१) वटा किचेन भएको हुनुपर्नेछ।
- भाडामा दिने घर सडकसँग जोडिएको हुनुपर्नेछ।
- भाडामा दिने घर भुकम्प प्रतिरोधात्मक विधि प्रयोग गरी प्राविधिक डिजाइन र सुपरीवेक्षण भएको हुनुपर्नेछ।

**प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजात तथा विवरण**

- प्रस्ताव सँगै निवेदन, जग्गाधनी पुर्जा र नागरिकताको प्रतिलिपी,
- सम्पुर्ण घर र पार्किङ्ग समेत देखिने गरी हालसालै खिचेको घरको फोटो,
- घरको नक्सा र निर्माण सम्पन्न प्रतिवेदन,
- यसअघि घर भाडामा दिएको भए गत आर्थिक वर्ष घर बहाल कर तिरेको रसिद र तिरो तिरेको रसिदको प्रतिलिपी,
- प्रस्तावमा घर बहाल कर वाहेकको मासिक भाडादर कवोल/ प्रस्ताव भएको हुनुपर्नेछ,
- कार्यालयले निवासको प्रयोजनको लागि ले आउट मिलाउन सामान्य तोडफोड तथा पार्टिसन गर्न मन्जुर रहेको कवुलियत पत्र पेश गर्नुपर्नेछ,
- प्रस्ताव मिति २०७८।०९।१४ गते भित्र यस मन्त्रालयभित्र पेश गरी सक्नुपर्नेछ ।